बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# दानियल एक बन्दी



लेखन: Edward Hughes

चित्र: Jonathan Hay

संयोजन: Mary-Anne S.

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2015 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

दानियल अनि तिनको तीन मित्रहरू इस्राएलमा बस्थे। एकदिन एक महान राजा उनीहरूको ठाउँमा आएर त्यहाँका जवान युवकहरूलाई लगे। राजा नबूकदनेसर जो टाढ़ा देष बाबेलमा बस्थे।



बाबेलमा जवान युवकहरूलाई असल व्यवहार गर्थे। राजाले संसारका सबै देषहरूबाट असल अनि राम्रो जवान युवकहरू छाने। उनले तिनलाई बाबेलको भाशा सिकेर एक चाकर बनी राज्यलाई सहायता गरोस् भनेर विकल्प गरेका थिए।



राजाले जे खान्थे ती जवान युवकहरूले पनि त्यही खान्थे। तर दानियल अनि उसको साथीहरूले त्यो खाना खान चाहेनन् किनकि ती खाना झुटा देवतालाई समर्पित गरिएको थियो। परमेष्वरको विरूद्धमा केही पनि गर्दिन भनेर दानियले प्रतिज्ञा गरेको थियो। इस्राएलको परमेष्वरले कुनै पनि देवी-देवता नमान्नु भनी आज्ञा गरेका थिए।



राजाको खान नदिइओस् भनी दानियलले तालिममा जिम्मेवार पाएका एक व्यक्तिलाई अनुमति मागे। यदि राजाले बाहिर गएको पाउँथे, तब उनी धेरै क्रोधित हुन्थे। तर परमेष्वरले दानियललाई उनको असल व्यक्ति बनाए।



उनी दानियल अनि तिनको मित्रहरूलाई जाँच गर्न तयार भए। तिनीहरूले दष दिन साग-सब्जी अनि पानी मात्र खान पश्र्यो। दष दिनको अन्ततिर जसले राजाको खाना खाने जवान युवकहरूभन्दा दानियल र तिनका मित्रहरू पुश्टिएका देखिए।



ती जवान युवकहरूले परमेष्वरलाई आदर गर्थे अनि परमेष्वरले पनि गर्नुहुन्थ्यो। तिनीहरूलाई परमेष्वरले सिकेको कुरोमा ज्ञान अनि सीप दिए अनि दानियललाई दर्षन अनि सपनालाई बुझ्ने बुद्धि दिएका थिए।





सबै जवान युवकहरूलाई राजा नबूकदनेसरको अघि तीन वर्शको तालिम पछि पेस गरे। ती सबैहरूभन्दा दानियल अनि तिनका साथीहरूलाई खुबै असल पाए। वास्तवमा, राजाले खोजी गर्दा उनको राज्यमा सबै बुद्धिमानीहरूभन्दा दानियललाई धेरै बुद्धिमानी पाए।



एक रात राजाले नराम्रो सपना देखे। सपनाको अर्थ खोलिदिनाई राजाले जादूगरहरू, मंत्र-तंत्र गर्नेहरू, अनि विजुवाहरूलाई उसको अघि आउन भनी बोलाए। राजाले भने, “मैले एउटा सपना देखे, औ त्यस सपनाको अर्थ बुझ्नलाई मेरो मन घबराएको छ।” ज्ञानी मानिसले उतर दिए, “महाराज अमर रहून्! हजूरका दासहरूलाई हजूरको सपना बताइदिनुहोस्, र हामी हजूरलाई त्यसको अर्थ खोलिदिनेछौं।”



राजाले जवाफ दिए, “होइन! मैले के सपना देखे अनि यसको अर्थ के हो भनेर तिमीहरूले भन्नुपर्छ। यदि तिमीहरूले बताएनौ भने तिमीहरू टुक्रा टुक्रा पारिनेछौ अनि तिमीहरूका घर उजाड़ पारिनेछन्। तर यदि बतायौ भने तिमीहरूले मबाट उपहार, इनाम अनि ठूला ठूला मान पाउनेछौ। अवष्य, कुनै बुद्धिमानीले राजाको अर्थ बताउन सकेन।



ज्ञानीहरूले राजालाई भने, “पृथ्वीमा कुनै यस्तो मानिस छैन, जसले तपाईंले सोधेका कुरा बताउनसक्ला। देवताले मात्र गर्न सक्छ तर तिनीहरू पृथ्वीमा बस्दैनन्।” राजा एकदमै क्रोधित भएर सबै ज्ञानीहरूलाई मारिऊन् भनी हुकूम दिए।



राजाका अंग-रक्षकका
कप्तान अर्योकलाई दानियलले
भने, "किन राजाले सबै
ज्ञानी मानिसहरूलाई मारे?"
तब अर्योकले दानियललाई
सबै कुरा बताइदिए। तब
दानियलले राजाको सामने
गएर सपनाको अर्थ
बताइदिनलाई केही समय
दिनुहोस् भनी राजालाई
बिन्ती गरे।



त्यसपछि दानियल आफ्नो घरमा गएर आफ्ना मित्रहरू षद्रक, मेषक र अबेद्नगोलाई सबै कुरो बताइदिए। दानियललाई थाह थिएन कि सपना के थियो अथवा यसको अर्थ तर तिनलाई थाह थियो कसैलाई यो थाह छ ती हुन परमेष्वर। यसैले, दानियल अनि तिनका मित्रहरूले प्रार्थना गरे।



परमेष्वरले दानियलाई सपना अनि त्यसको अर्थ देखाइदिए। दानियलले स्वर्गका परमेष्वरको प्रषंसा गरेर यसरी भने, “परमेष्वरको नाउँ सदा सर्वदा धन्यको होस्, बुद्धि र पराक्रम उहाँकै हुन्।” तब दानियल हतारसाथ राजाकहाँ गएर भने, “स्वर्गमा एक ईष्वर हुनुहुन्छ जसले रहस्यहरू प्रकट गर्नुहुन्छ।” तिनले राजाको सपना अनि त्यसको अर्थ बताइदिए।



तब राजा नबूकदनेसर सपना र त्यसको अर्थ सुने तब दानियलको अघि घोप्टो परेर भने, साँच्चिनै तिमीहरूका परमेष्वर ईष्वरहरूका परमेष्वर, राजाहरूका प्रभु र रहस्य खोलिदिनुहुने हुनुहुँदो रहेछ।”
तब राजाले दानियलको दर्जा बढ़ाइदिए, र धेरै बहुमूल्य उपहार दिए, औ तिनलाई बाबेलका सारा प्रदेषका षासक र बाबेलका सबै ज्ञनी पुरूशमाथि प्रधान तुल्याए।



# दानियल एक बन्दी

## परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

## दानियल 1-2

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।”
भजनसंग्रह ११९:१३०

समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६